# आर्थिक वर्ष २०७७।०७८ को

# नीति तथा कार्यक्रम

## चौरजहारी नगरपालिका

## रुकुम (पश्चिम)

## कर्णाली प्रदेश

## २०७७

नगर सभाको बैठकमा मिति २०७७ साल असार ७ गते आइतबार

नगर प्रमुख श्री बिशाल शर्माज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७।०७८

# को

# नीति तथा कार्यक्रम

चौरजहारी नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश

२०७७

**नगरसभाका सदस्यहरु,**

१. विश्वव्यापी महामारीका रुपमा आएको कोरोना भाइरस (कोभिड -१९) ले मानव जाति र मानव सभ्यतालाई नै चुनौति दिएको छ । विज्ञान र प्रविधिको विकास र आर्थिक दृष्टिले सम्पन्न भनिएका राष्ट्रहरु समेत कोरोनाको महामारीको छालमुनी निसासिएका छन् । समग्र विश्व व्यवस्थाप्रति प्रश्न खडा भएको छ ।

२. कोरोना संकटले विश्व व्यवस्थालाई नै खलबल्याई दिएको छ र एउटा नयाँ बहस सुरु भएको छ । जनता केन्द्रित कि नाफा केन्द्रित नीति अपनाउने भन्ने कुरा नै आजको मुख्य प्रश्न बनेको छ । नेपालमा समेत कोरोनाको संकट बढिरहेको पृष्ठभूमिमा हामी नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछौं ।

३. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बनाउँदा संकट समाधान गर्न एकातिर हामीले विश्वव्यापी रुपमा उठिरहेको मूल प्रश्न बारे गम्भिर बन्नुका साथै आजसम्म आ-आफ्नो ठाउँबाट योगदान गर्ने सबैको भुमिका र बुझाईलाई नयाँ स्तरमा उठाउन आवश्यक भएको छ । हाम्रो ७० बर्षको निरन्तर संघर्ष, महान् जनयुद्ध र जनआन्दोलन, त्यस क्रममा भएको त्याग वलीदानको इतिहास, शान्ति प्रकृया, संबिधानसभा, संघिय गणतन्त्रको घोषणासँगै निर्मित नयाँ संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख शासन व्यवस्था र आर्थिक विकास, प्रतिस्पर्धा, व्यक्तिगत स्वतन्त्रता सहितको सामाजिक न्यायलाई समायोजन गर्ने प्रयास महत्वपुर्ण हुनेछ । जनता शासन र देशका मालिक बन्ने र जनताको बलमा निर्मित सबै संघ, संगठन, संस्था एवं सरकारहरुले व्यवस्थापकीय र शासकीय प्रणालीमा सक्षम बन्न अनिवार्य भएको छ ।

४. सामन्ती शासन विरुद्ध विद्रोहको प्रकृयासँगै नयाँ राजनैतिक प्रणालीमा आइपुग्दा सामन्तवादी अवशेष र विद्रोही मानसिकताका कारण पैदा हुने असहिष्णुता र अराजकताबाट माथि उठाउँदै कसरी न्यायपुर्ण, कानुनी, शासन, सुशासन मार्फत समाजलाई समृद्धि र समानताको बाटोमा लैजान सकिन्छ, समाजमा रहेको जातिय अहंकार तथा जातियहिनताको परिधिबाट माथि उठाउने, संविधानको मर्म अनुसार विभेद रहित समाजमा विकसित गर्न सक्छौ ? विद्यमानमा रहेको गरिबी र असमानताको अवस्थाबाट मुक्त गर्दै हामी सामाजिक न्याय कसरी स्थापना गर्न सक्छौं ? सामाजिक रुपान्तरण गर्दै सामुहिक जीवन पद्धतिलाई अंगिकार गर्न सहकार्य, श्रम, उत्पादन र सो अनुसार कला सँस्कृती, सामाजिक मुल्य मान्यतासँगै जनताको विचमा निरन्तर सुधारको प्रकृयाबाट दौडिन सक्ने हामी कसरी बन्छौं ? जनताको श्रम, उपलव्ध श्रोत र सिमित पुँजीको परिचालन मार्फत उत्पादक शक्तिको विकास, उत्पादनका साधनहरुमा समुदायको सामुहिक स्वामित्व स्थापित

गर्न हामी कसरी अगाडि बढ्न सक्छौं ? आदि आदि धेरै प्रश्नहरुले हाम्रो सामु उत्तर खोजी रहेका छन् ।

५. यस विच घटेका घटना, त्यसको कारण, त्यस प्रतिको बुझाई, न्याय र अन्यायको सन्देश समेतबाट हेर्दा हामीले सरकारको निरन्तरताको नीति कार्यक्रमले मात्र पुग्ने देखिदैन । तसर्थ, हामीले सरकार संञ्चालनमा जनताको सहभागितालाई मुर्तिकृत गर्न, सामाजिक क्षेत्रका विभिन्न पक्षमा सामुहिक नेतृत्व निर्माण गर्न, सामाजिक रुपान्तरण र आर्थिक विकासलाई एउटै प्राथमिकता साथै अगाडि बढाउन जनताले हामीलाई सुम्पिएको जिम्मेवारीको आधारमा नेपालको संविधानको मर्म, भावना र सरकार सञ्चालन सम्बन्धी कानून समेतका आधारमा हामीले जनताको सामाजिक संरचना तयार पारी सो मार्फत समाजवादको आधार तयार गर्ने प्रकृयामा लग्नै पर्दछ । समाजलाई रुपान्तरण गर्न जनप्रतिनिधिहरुले कडा राजनैतिक र आर्थिक अनुशासन लागु गर्नु पर्दछ । जनताका हरेक प्रश्नको जवाफ दिन नोकरशाही सामन्ती अहम, नोकरशाही कार्यशैली, व्यक्तिवादी, पुँजीवादी संस्कार र व्यक्तिगत स्वार्थ विरुद्ध खडा भई त्याग मार्फत जनतासँग एकाकार हुने कुरालाई आत्मसाथ गर्नु पर्दछ । संस्थागत विकासबाट मात्र सरकार बलियो र सफल हुने भएकाले हाम्रा सबै संस्थाहरुको सुदृढिकरण र विकास अपरिहार्य छ । निरन्तर विकास र रुपान्तरणका लागि आवश्यक संस्थाहरुको निर्माण पनि त्यतिकै महत्वपुर्ण हुन्छ । यसको लागि नगर सरकार प्रतिवद्ध छ ।

६. संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि भएका जनयुद्ध, जनआन्दोलन लगायत विभिन्न कालखण्डमा भएका ऐतिहासिक संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पन गर्दछु । सोही आन्दोलनको क्रममा घाईते, वेपत्ता, अपाङ्ग भएका योद्धा र स्वाभिमानपूर्ण आन्दोलनमा सरिक भई महत्वपूर्ण योगदान पुऱ्याउनु हुने महान् व्यक्तित्वहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

७. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम लागि पूर्वमन्त्री तथा प्रतिनिधिसभा सदस्य माननीय जनार्दन शर्मा लगायत रुकुम (पश्चिम) जिल्लाबाट संघ तथा प्रदेशमा प्रतिनिधित्व गर्नुहुने सम्पूर्ण माननीयज्यूहरु, संघ, प्रदेश, जिल्ला र नगरपालिकामा प्रतिनिधित्व गर्नुहुने विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, टोल तथा वस्तिस्तरिय योजना छनौटमा भाग लिने वडा समितिका पदाधिकारीहरु लगायत आम जनसमुदाय, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण

तथा विपद् व्यवस्थापन समिति, सार्वजनिक सेवा तथा सामान्य प्रशासन समिति, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विभिन्न संघ संस्था, लक्षित वर्ग, क्षेत्र तथा समुदाय, सञ्चार जगत, राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजिवि, समाजसेवी लगायतबाट प्राप्त सल्लाह, सुझाव र परामर्श एवम् संघ तथा प्रदेश सरकारबाट प्राप्त प्राथमिकता र आधारहरुलाई नीति तथा कार्यक्रमको मार्गदर्शनको रुपमा लिएको छु ।

८. कोभिड-१९ सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारको लागि नगरपालिकाको सिंगो परिवार सुरुदेखि नै क्रियाशिल छ । यही क्रियाशिलताबाट नै यस रोगको सङ्क्रमणबाट नगरपालिकाभित्र सबैको जीवन रक्षा गर्न हामी सफल भएका छौं । जोखिमपूर्ण परिस्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने एवम् महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयंसेवक, कर्मचारी, सवारी चालक लगायतका सम्पूर्ण राष्ट्रसेवक, नगरवासी दाजुभाई तथा दिदिबहिनीहरु तथा संघ-संस्था, निजि तथा व्यवसायिक क्षेत्र, सञ्चार जगत् र प्रकोप व्यवस्थापन कोषमा जिन्सी तथा नगद उपलब्ध गराउने सबैलाई धन्यवाद दिन चाहन्छु ।

९. आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि आर्थिक वर्ष २०७६।०७७ र सोभन्दा अघि प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनको अवस्था संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु :–

(क) नगरपालिकाका सबै वडा, गाउँ, वस्ती र टोलहरु सडक सञ्जालमा जोडिएका छन् । बाह्रै महिना सडक सञ्चालन गर्न संभाव्य स्थानहरुमा पक्की पुलहरु निर्माण भईरहेका छन् । संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा विभिन्न सडकहरुको स्तरोन्नति गर्ने, चौरजहारी उपत्यकाभित्र कालोपत्रे गर्ने लगायतका कार्यहरु तीव्र गतिमा भईरहेका छन् । सबै वडाहरुमा राष्ट्रिय विद्युत प्रसारण लाईनको लागि पोल तथा तारहरु

विस्तार गरी विजुली बाल्ने प्रक्रिया तीब्र गतिमा अगाडि बढेको छ । लिफ्ट खानेपानी आयोजनाहरु द्रुत गतिमा सम्पन्न भएका छन् ।

(ख) **नगरपालिका क्षेत्रभित्र नगरवासी दाजुभाई दिदिबहिनीहरुको आवतजावत सहज तुल्याउन** नगरपालिकाको पूर्ण लगानीमा ३ वटा नगर बसहरु खरिद गरी सञ्चालनमा ल्याईएको छ ।

(ग)नगरपालिकाले २ वटा एम्बुलेन्स २४ शैं घण्टा सञ्चालन हुने व्यवस्था मिलाई अत्यावश्यक सेवाको रुपमा एम्बुलेन्स सेवालाई सञ्चालन गरी स्वास्थ्य सेवालाई भरपर्दो र प्रभावकारी बनाउन खोजिएको छ ।

(घ) गुणस्तरिय, जीवनोपयोगी, प्रविधिमैत्री र व्यवहारिक शिक्षाको सुनिश्चितताको लागि संविधानत् स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धि अधिकारको गतिशिल र प्रभावकारी तरिकाले कार्यान्वयन गर्न कानूनी व्यवस्थाहरु गरिएको छ । नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणमा जोड दिईएको छ । सबै सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन प्रत्येक विद्यालयहरुमा ल्यापटप, कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट सेवा जडान गरिएको छ । संघ तथा प्रदेश सरकारसँगको समन्वय र पहलमा हिमालय माध्यमिक विद्यालय खोलागाउँ र शीतल माध्यमिक विद्यालय चौरजहारीलाई नमूना विद्यालयको रुपमा घोषणा गरी सोही अनुसारको संरचना निर्माणमा तीव्रता दिईएको छ । अन्य विद्यालयहरुलाई समेत नमूना बनाउन भौतिक संरचना सुधारमा ध्यान दिईएको छ ।

(ङ) सामुदायिक विद्यालयमा बालबालिकाको आकर्षण बढाउन, निःशुल्क र अनिवार्य आधारभूत शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्न र **“ल्याऔं, सिकाऔं,** टिकाऔं र विकाऔं” भन्ने राष्ट्रिय नारा अनुसार बालबालिकाहरुको भर्ना दर र विद्यालयमा टिकाउ दर बढाई शैक्षिक गुणस्तर सुधार गर्न सामुदायिक विद्यालयका कक्षा १ देखि कक्षा ५ सम्मका करिब पाँच हजार बालबालिकालाई पोषाक, न्यानो कपडा तथा

स्टेशनरी सामग्री खरिद गरी वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिईएको छ ।

(च) नगरपालिकाको आफ्नै स्रोतबाट विद्यार्थी सङ्ख्याको आधारमा करार स्वयंसेवक शिक्षकहरुको व्यवस्था गरी पठनपाठनको कार्यलाई सहज तुल्याईएको छ । शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुरुप शैक्षिक क्रियाकलाप सञ्चालन हुने व्यवस्था मिलाईएको छ ।

(छ) शिक्षा क्षेत्रमा देखा परेका मूलभूत समस्याहरु पहिचान गरी सोको समाधानको लागि शैक्षिक पुनर्जागरण अभियान सञ्चालन, मदिराजन्य पदार्थ सेवन गर्ने, पदीय दायित्व पूरा नगर्ने, पदीय मर्यादा र आचारसंहिताको परिपालना नगर्ने शिक्षक कर्मचारीहरुलाई दण्डित गर्ने, अनुपस्थित दिनको तलब सुविधा कट्टी गर्ने, व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने, सामुदायिक विद्यालय एवम् सार्वजनिक स्थलको १०० मिटर वरीपरी सूर्तिजन्य पदार्थको सेवन, विक्रिवितरण गर्न नपाउने र ५०० मिटर वरीपरी मदिराज्य पदार्थ सेवन, विक्रिवितरण र उत्पादन गर्न नपाउने व्यवस्था लागू गरिएको छ ।

(ज) विद्यालयहरुको घेरावार, शौचालय, कक्षाकोठा, खेलमैदान, खानेपानी धारा लगायतका भौतिक संरचना सुधार गर्ने र भएका भौतिक संरचनाहरुको पूर्ण उपयोग गर्ने नीति अख्तियार गरिएको छ । शिक्षालाई पहिलो प्राथमिकताको क्षेत्रको रुपमा तोकि सोही अनुसार बजेट विनियोजन गरिएको छ ।

(झ) १५ शैयाको नगर अस्पताल सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माणको कार्यलाई तीव्रता दिईएको छ भने एक वडा एक स्वास्थ्य संस्थाको मान्यता अनुसार सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सहज रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाईएको छ ।

(ञ)  सरकारी जागिर खाएर स्वास्थ्य संस्थामा काम नगर्ने र आफ्नो निजि क्लिनिकमा काम गर्ने प्रवृत्तिलाई अन्त्य गर्न कठोर अभियान अगाडि बढाईएको छ । स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गरी गुणस्तरिय र आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको सरल र सहज पहुँच स्थापित गर्न नगरपालिका पूर्ण प्रतिवद्ध छ ।

(ट)**सहस्राब्दी विकास लक्ष्यहरू, "सुखी नेपाली समृद्ध नेपाल"** को सपना साकार पार्न उत्पादन र रोजगारीमा जोड दिईएको छ । कृषि र पशुपालन व्यवसायलाई विविधिकरण, व्यवसायिकरण, यान्त्रिकरण र आधूनिकीकरण गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषिमा आधारित उद्योग स्थापना गरी सञ्चालन गर्ने प्रक्रिया अगाडी बढाईएको छ । दाना उद्योग, कापी उद्योग, गार्मेन्ट उद्योग र जुस उद्योग स्थापना र सञ्चालन प्रक्रिया अगाडी बढाईएको छ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा टिस्यु कल्चर ल्याव स्थापना, विउ प्रशोधन केन्द्रको निर्माण र माछापालन व्यवसाय प्रवर्द्धनको लागि व्यवसायिक रुपमा माछा पोखरीको निर्माणको कार्यलाई अगाडी बढाईएको छ ।

(ठ) अलैचि, कागती, आँप, केराजस्ता फलफूल खेतीलाई व्यवसायिक ढङ्गले अगाडि बढाईएको छ । भैसीपालन, बाख्रापालन र कुखुरापालन व्यवसायलाई पकेट क्षेत्रको रुपमा व्यवसायिक ढङ्गले संचालन गरिएको छ । नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन र आयात विस्थापन गर्न नगरपालिका क्रियाशिल छ ।

(ड) कृषि सहकारी संस्थाहरुको सुदृढिकरण गरी कृषि सम्बन्धि कार्यहरु समूह तथा सहकारीहरु मार्फत सञ्चालन गर्ने नीति अख्तियार गरिएको छ । दूग्ध डेरीको स्थापना गरी गाउँगाउँबाट दूध सङ्कलन गर्ने व्यवस्था मिलाईएको छ ।

(ढ) सामाजिक सांस्कृतिक रुपान्तरण र विकृति तथा विसङ्गति विरुद्ध कडा कदम चालिएको छ । लागू पदार्थ दूर्व्यसनी, मदिराजन्य पदार्थको उत्पादन, विक्रि वितरण र सेवन एवम् अन्य सामाजिक विकृति र विसङ्गतिजन्य कार्यहरु एवम् सामाजिक सद्भाव, सहिष्णुता, सार्वजनिक शान्ति, सुव्यवस्था र अमनचयन विरुद्धका गतिविधिहरुका विरुद्ध स्थानीय प्रशासनसँगको सहकार्यमा कठोर अभियान सञ्चालन गरिएको छ ।

(ण) आधारभूत खानेपानी तथा सरसफाईमा आम नगरवासीको सहज पहुँच स्थापित गरी आम जनतालाई स्वच्छ र सफा खानेपानीको भरपर्दो व्यवस्था गर्न संघ तथा प्रदेश सरकार समेतको सहयोगमा **"एक घर एक धारा"** निर्माण अभियान सञ्चालन गरिएको छ । वडा नं. १, २, ३, ४, ५, ६, ८, १० र १४ लगायतका वडाहरुमा एक घर एक धारा अभियान अन्तर्गत वृहत खानेपानी आयोजना निर्माणाधिन छन् ।

(त) आयोजनाहरुको गुणस्तर, परिमाण, लागत र समय सुनिश्चित गर्न जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, नगरपालिका तथा अन्य सरोकारवाला निकायहरु सहितको संयुक्त अनुगमन, नियमन, मूल्याङ्कन र पृष्ठपोषणलाई निरन्तरता दिईएको छ । निर्माण व्यवसायीहरुलाई गुणस्तरहीन कार्य गरेमा वा गुणस्तर, परिमाण, लागत र समयसँग तादाम्यता नमिलाई कार्य गरेमा वा समयमै काम सुरु नगरेमा वा तोकिएको अवधिभित्र कार्य सम्पन्न नगरेमा कानून बमोजिमको यथाशीघ्र दण्डित गर्ने नीति अख्तियार गरिएको छ । **"घुस लिने र दिने देशका शत्रु हुन् । समृद्धि र विकासका वाधक हुन् । सदाचार र नैतिकताका कलङ्क हुन् ।"** भन्ने नारालाई व्यवहारमा कार्यान्वयन गर्न तथा गराउन नगरपालिका प्रतिवद्ध रहेको छ ।

(थ) सार्वजनिक प्रशासनको कार्यसंस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न नगरपालिका क्रियाशिल छ । राजनीति र प्रशासनको क्षेत्राधिकार

अनुसार राजनीतिले नीति, कानून, नियमहरु बनाउने, सोको अनुगमन र मूल्याङ्कन गर्ने, गलत गर्नेलाई दण्डित र राम्रो कार्य गर्नेलाई पुरुस्कृत गर्ने, पृष्ठपोषण गर्ने व्यवस्था मिलाउने र प्रशासनले राजनीतिले बनाएका नीति, कानून नियमहरुको आशय अनुसार कार्यान्वयन गर्ने, निष्पक्ष रुपमा परामर्श र सुझाव दिने र सरकारको सहयोगीको रुपमा काम गर्ने मान्यतालाई दृढतापूर्वक कार्यान्वयन गर्न नगरपालिका प्रतिवद्ध छ ।

अव म आर्थिक वर्ष २०७७।०७८ को लागि मुख्य-मुख्य नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु ।

१०. नेपालको संविधान, २०७२ मा व्यवस्था गरिएका मौलिक हक, निर्देशक सिद्धान्त तथा नीतिहरु, पन्ध्रौ आवधिक योजना, कर्णाली प्रदेश सरकारको प्रथम आवधिक योजनाको आधारपत्र, दिगो विकास लक्ष्य लगायत नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धताहरुलाई आत्मसात गरी त्यसैको मर्मभित्र रही नीति तथा कार्यक्रम तय गरी लागू गरिनेछ।

११. नगरका रणनैतिक महत्वका आयोजनाहरुको पूर्व संभाव्यता अध्ययन सहित विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पारी संघीय र प्रदेश सरकारसँग साझेदारीको लागि प्रयत्न गरिनेछ। अन्धाधुन्धा बजेट विनियोजन हुने प्रवृत्तिलाई अन्त्य गर्न मागको आधारमा नभई आवश्यकताको आधारमा बजेट विनियोजन गर्ने नीति अवलम्वन गरिनेछ। साना र प्रतिफल नदिने फजूल खर्च हुने आयोजनाहरुमा बजेट विनियोजन गरिने छैन् ।

१२. वडाहरुमा प्रशासनिक तथा पुँजीगत बजेट विनियोजन गर्दा निश्चित मापदण्डको आधारमा मात्र बजेट विनियोजन गरिनेछ। दामासाही किसिमले बजेट विनियोजन गर्ने प्रवृत्तिलाई अन्त्य गरिनेछ। संघ तथा प्रदेश सरकारबाट विनियोजित बजेटमा दोहोरो पर्ने किसिमले बजेट विनियोजन गरिने छैन्।

१३. “समृद्ध नेपाल, सुखी नेपाली” को राष्ट्रिय आकांक्षा तथा कर्णाली प्रदेश सरकारको “शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार : यसका लागि पूर्वाधार” भन्ने नारालाई सार्थक पार्न “आत्मनिर्भर, एकतावद्ध र समृद्ध नगरको निर्माण :

चौरजहारी नगरवासीको पहिचान” भन्ने दीर्घकालिन सोच कार्यान्वयन गर्न नगरपालिका प्रतिवद्ध छ ।

१४. चिप्लेटि-चौफा-नुवाकोट-मुसिकोट सडक, चिप्लेटी-खागल-तिमिले-नुवाकोटडाडाँ सडक, चौरजहारी-लहरेसिमल-खोलागाउँ-नेटा सडक, १४ वटै वडामा एक घर एक धारा खानेपानी, कच्ची तथा टिनका छानामुक्त भौतिक संरचना र सूचना प्रविधिमैत्रीयुक्त सामुदायिक विद्यालयहरु निर्माण, औद्योगिक ग्रामको निर्माण गरी दाना उद्योग, जुस उद्योग, गार्मेन्ट उद्योग र कापी उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन, पर्यटकीय पूर्वाधार विकास (जहारीखोला एग्रो टुरिज्म, रिम्ना चौरजहारी र्‍याफ्टिङ सञ्चालन तथा व्यवस्थापन, वडा नं. ४ र ६ स्थित मालिका क्षेत्र र वडा नं. ६ र ९ स्थित गडिमालिका क्षेत्रलाई व्यवसायिक ढङ्गले पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने, वडा नं. ६ स्थित चमेरे गुफा संरक्षण तथा विकास), वडा नं. १, २ र ३ लाई केन्द्रित गरी चौरजहारी वृहत लिफ्ट सिँचाई आयोजना, नगरपालिकाका १४ वटै वडाहरुमा राष्ट्रिय विद्युत प्रसारण लाईनको विस्तारलाई संघ तथा प्रदेश सरकार समेतको सहयोग र साझेदारीमा नगरपालिकाका गौरवका आयोजनाको रुपमा अगाडि बढाईनेछ ।

१५. गास, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता न्यूनतम आधारभुत आवश्यकता परिपूर्तिको लागि प्राथमिकताका साथ बजेट विनियोजन गर्ने नीति लिईनेछ । कोभिड -१९ महामारी रोकथाम, नियन्त्रण र उपचार एवम् सोको कारण सिर्जित समस्या र चुनौतीहरुको सामना गर्ने तर्फ नगरपालिकाको विशेष ध्यान केन्द्रित हुनेछ ।

१६. कोभिड -१९ को प्रभाव बढ्दै गइरहेको सन्दर्भमा स्वास्थ्य, सुरक्षा, उपचार, व्यवस्थापन, उत्पादनका साथसाथै दैनिक जीवन सञ्चालनका लागि आवश्यकता अनुसार ७ देखि ११ घरपरिवारलाई समेटी महिलाको नेतृत्वमा सहकार्य इकाई (Cooperation Unit) निर्माण गरी कार्य सम्पादन गर्न सहज वातावरण निर्माण गरिनेछ । प्रदेश सरकारसँगको सहकार्यमा नगरपालिकामा बनेका सहकार्य इकाईमा संगठित सबै घर परिवारलाई व्याजमा अनुदानको व्यवस्थापन सहित

प्रतिपरिवार एक लाखसम्मको ऋण उपलब्ध गराई उत्पादन तथा कृषि कार्यमा लगानीको लागि व्यवस्था गरिनेछ ।

१७. वडास्तरमा सरकारको काम र योजनालाई प्रभावकारी बनाउन सामाजिक नेतृत्व निर्माण गर्न सामाजिक, सांस्कृतिक रुपान्तरण कार्य गर्ने गरी महिलाहरुको बढि भन्दा बढि सहभागिता र नेतृत्वमा जोड दिदै गरिब, उत्पीडित, दलित, श्रमिक, सामाजिक अगुवा, बुद्धिजिबि, युवा लगायत सबैको सहभागिता हुने गरी **सामाजिक रुपान्तरण तथा सुधार समिति र रोजगार, उत्पादन तथा विकास निर्माण समिति** गठन गरी परिचालन गरिनेछ । सहकार्य इकाई, सामाजिक रुपान्तरण तथा सुधार समिति र रोजगार, उत्पादन तथा विकास निर्माण समिति गठन, परिचालन र यसको कार्यक्षेत्र लगायतका विषयहरु कानून बनाई व्यवस्थित गरिनेछ ।

१८. उत्पादनमूलक, छिटो प्रतिफल दिने, रोजगारी अभिवृद्धि गर्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, लक्षित वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याई लैङ्गिक समानता र सामाजिक समावेशीकरण कायम गर्न सहयोग पुऱ्याउने परियोजनाहरुलाई प्राथमिकता साथ अगाडी बढाईनेछ ।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमसँग तादाम्यता मिल्ने गरी **नगर प्रमुख रोजगार कार्यक्रम** सञ्चालन गरी आम नगरवासीको आयस्तरमा वृद्धि हुने र स्वरोजगार सिर्जना हुने कार्यक्रमहरु संचालन गरिनेछ । नेपाल सरकारले अगाडी सारेको "**चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश**" अभियानलाई टेवा पुग्ने गरी चालू आर्थिक वर्षमा नगरपालिकाले अगाडी सारेको **"नगरमै रोजगार, गर्वको आधार"** अभियानलाई निरन्तरता दिई नगरका सम्पूर्ण बेरोजगार युवाहरुलाई रोजगार बनाउने नीति अवलम्बन गरिनेछ ।

२०. युवाहरुलाई प्राबिधिक तालिम, स्वयम्सेवक, नगर प्रहरी, श्रम सहकारी, खोज अनुसन्धान कार्य, कला तथा साहित्य, खेलकुद, शैक्षिक क्षेत्र आदि मार्फत संगठित गरी परिचालन गरिनेछ । नगर प्रहरी गठन गरी आर्थिक विकास र उत्पादनमा परिचालन गरिनेछ ।

२१. नेपाल सरकारले अगाडि सारेको "**स्वदेशी वस्तुको उपभोग गरौं, आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं**" अभियानलाई टेवा पुग्ने गरी कृषि क्षेत्रको आधूनिकीकरण, यान्त्रीकरण र विशिष्टीकरण गरी कृषिमा आधारित उद्योग व्यवसाय प्रवर्द्धन मार्फत नगरपालिकालाई कृषिमा आत्मनिर्भर

तुल्याईनेछ । नगरपालिकाभित्र कोही कसैले पनि जग्गा बाँझो राख्न नपाउने नीति लिईनेछ ।

२२. नेपाल सरकारले अगाडि सारेको **"उद्यमशीलता, रोजगारी र उत्पादन वृद्धि : हुन्छ नेपालको समृद्धि"** को नीतिलाई आत्मसात् गर्दै उपलब्ध स्रोत, साधन, पुँजी, सीप र प्रविधिको अधिकतम उपयोग गरी औद्योगिक उत्पादकत्व र उत्पादन वृद्धि गर्ने अभिप्रायले औद्योगिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२३. **"आर्थिक समृद्धिको पहिलो आधार कृषि"** भन्ने मान्यतालाई निरन्तरता दिदैं नगरपालिका क्षेत्रको सम्भाव्यता अध्ययन गरी कृषि पेशालाई सम्मानित, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिको उत्पादनमा व्यवसायिकरण, आधुनिकिकरण, विविधीकरण र बजारीकरण गर्दै खाद्य सुरक्षाको स्थिति मजबुत बनाई थप रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

२४. भुमिहिन, दलित तथा श्रममा मात्र आश्रित गरिब, उत्पीडित श्रमिकहरुलाई प्राथमिकता दिई सहकार्य युनिट, श्रम सहकारी, उत्पादन सहकारी र वित्तिय सहकारी मार्फत **काम सहितको मामको व्यवस्था** गरिनेछ ।

२५. बाँझो तथा सार्वजनिक जमिनको पहिचान गरी भुमिहिन तथा श्रमिकहरुलाई सामुहिक खेति गर्ने व्यवस्था गरिनेछ ।

२६. माटो, हावापानीको आधारमा सबै जमिनको उपयोग, वन जंगल अन्य प्राकृतिक श्रोतहरुको समुचित प्रयोग र परिचालन गरी उत्पादन र रोजगारी बृद्धि गरिनेछ ।

२७. दलित तथा महिलाहरुको समुह, सहकारी निर्माण गरी उत्पादन र रोजगार कार्यमा आवश्यक प्रविधि औजार लगायत अन्य सहयोग उपलब्ध गराईनेछ ।

२८. प्रविधिमा आधारित कृषि व्यवसायमा जोड दिदैं टीस्यू कल्चर प्रविधिको स्थापना, माटो र विउ परीक्षण प्रयोगशाला, खाद्य तथा तरकारी संकलन विक्रि वितरण केन्द्र निर्माण गरी व्यवस्थित गरिनेछ ।

२९. यस नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिदै उक्त जग्गा उपभोग गरे वापत कानून बमोजिम नगरपालिकामा राजस्व तिर्नुपर्ने नीति अवलम्बन गरिनेछ ।

३०. **"उत्पादन गर्ने काम किसानको र विक्रि वितरण गर्ने काम सहकारीको"** अवधारणा अनुसार सहकारी संस्था मार्फत कृषिजन्य उत्पादनको संकलन, सञ्चय, प्रशोधन, विक्रि वितरण र मूल्यको अनुगमन एवम् नियमन गरिनेछ।

३१.  एग्रो टुरिजमको रुपमा कृषि क्षेत्रलाई विकास गर्न संभाव्यता अध्ययन, सर्वे, डिजाइन सहितको विस्तृत परियोजना प्रतिवेदन तयार पारी सोही अनुरुप पूर्वाधार विकास गरिनेछ । कृषि उत्पादनको पहिचान गरी कृषि पकेट क्षेत्रको घोषणा गरिनेछ । प्रांगारिक खेती प्रणालीमा जोड दिईनेछ । **"एक वडा एक उत्पादन"** र **"एक घर एक करेसाबारी"** अभियान संचालन गरिनेछ । यसको लागि सामुदायिक विद्यालयहरुमा स्कूल हर्टिकल्चर कार्यक्रम सञ्चालन गरिनेछ ।

३२.  कृषियोग्य भूमीहरुमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुने व्यवस्था गरिनेछ । यसको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

३३.  पशु विकासका लागि नश्ल सुधारमा जोड दिइनेछ । **"नगर प्रमुख कृषि विकास कार्यक्रम"** लाई निरन्तरता दिई **१ घर २ भैसी** अभियानलाई निरन्तरता दिईनेछ । भैसीपालन व्यवसायलाई पकेट क्षेत्रको रुपमा विकास गरिनेछ । दूग्ध उत्पादनका लागि विशेष नीति अवलम्वन गरी दुग्धजन्य उद्योगहरुलाई प्रोत्साहन गरिनेछ । आधुनिक पशु बधशाला तथा  स्वस्थ मासु पसलको व्यवस्था गर्न पहल गरिनेछ ।

३४.  संम्भाव्यता अध्ययन गरी व्यवसायिक माछापालनमा जोड दिइनेछ । नगरपालिकालाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउन व्यवसायिक फर्म प्रवर्द्धनका लागि **किसान, सहकारी, सरकार साझेदारी कार्यक्रम** लागू गरिनेछ ।

३५.  श्रम सहकारी एवम् अन्य विषय क्षेत्रगत सहकारी संस्थाहरुलाई सहकारीको मूल्य, मान्यता र सिद्धान्त एवम् उद्देश्य अनुरुप सञ्चालन गर्न ती सहकारी संस्थाहरुलाई अनुगमनको दायरामा ल्याई व्यवस्थित सञ्चालन एवम् सहकारी संस्था शुद्धिकरण अभियान सञ्चालन गरिनेछ ।

३६.  संघ तथा प्रदेश सरकारसँग साझेदारी गरी घर बास नभएका सबैलाई घर बासको व्यवस्था गरिनेछ ।

३७.  गरिब तथा विपन्न घरपरिवारलाई सुपथ मूल्यमा दैनिक उपभोग्य वस्तु तथा सेवा उपलब्ध गराउन सहकारी संस्थाहरु मार्फत सुपथ मूल्यका सहकारी पसलहरु सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ । गरिब तथा विपन्न वर्गको सहकारीमा पहुँच बढाउन सुपथ मूल्यमा सहकारी पसल सञ्चालनको लागि

छनौट भएका सहकारी संस्थाहरुमा संस्थागत शेयर निर्माण गरिनेछ । शेयर वापतको रकमलाई बिउ पुँजीको रुपमा विकास गरी सुपथ मूल्यका सहकारी पसल प्रभावकारी ढङ्गले सञ्चालन हुने व्यवस्था मिलाईनेछ ।

३८. नेपाल सरकारले अगाडि सारेको **विभिन्न कार्यक्रम तथा आयोजनाहरु मार्फत् समुदायस्तरका समूहहरुलाई उपलब्ध गराईएको पुँजी रकम र समूहहरुले गरेको बचत रकमको लगत स्थानीय तहबाट अद्यावधिक गरी सो रकम रोजगारी सिर्जना, आय आर्जन र उत्पादनमूलक कार्यमा परिचालन गर्ने** नीतिलाई पूर्ण रुपमा कार्यान्वयन गरी गरिबी निवारण कोषद्धारा प्रवर्द्धित सामुदायिक संस्थाहरुले परिचालन गरेको घुम्ती कोषलाई बीउ पुँजीको रुपमा प्रयोग गरी यी संस्थाहरुलाई सहकारी प्रणालीमा रुपान्तरण गरिनेछ ।

३९. बालबालिकाहरुलाई भावि समाजको समग्रमा नेतृत्व विकासका लागि आधार तयार पार्न प्रारम्भिक कक्षा देखि ८ कक्षासम्म अनुशासन, नैतिकता, राष्ट्रियता, समानता, स्वयम्सेवी भावना, स्वावलम्बी, श्रमप्रतिको सम्मान, समाज विकासको प्रकृयाका साथ वैज्ञानिक दृष्टिकोण निर्माण सहितको बाटोमा अगाडि बढ्न प्रशिक्षित गर्न आवश्यक स्थानीय पाठ्यक्रम सहित अतिरिक्त कक्षा सञ्चालन गर्ने र गणित, विज्ञान, अग्रेजी तथा अन्य प्राबिधिक विषयको अध्यापनलाई प्रदेशको अध्यापन केन्द्र मार्फत अध्ययन गराउन डिजिटल प्रणालीमा जोड्ने नीति अबलम्वन गरिनेछ ।

४०. **"बालबालिकालाई विद्यालय ल्याऔं र पढाइमा टिकाऔं"** अभियानलाई थप प्रभावकारी बनाईनेछ । शैक्षिक पुनर्जागरण अभियान सञ्चालन गरी सामुदायिक विद्यालयहरुलाई गुणस्तरिय शिक्षाको केन्द्र बनाईनेछ । विद्यालयहरुको नक्साङ्कन गरी भूगोल र विद्यार्थी सङ्ख्याको आधारमा समायोजन गरिनेछ । विद्यालयहरुको वर्गीकरण गरी न्यूनतम मापदण्ड पूरा नभएका, विद्यार्थी सङ्ख्या न्यून रहेका, जति मौका दिएपनि सुधार हुन नसक्ने, एक अर्काबिचको भौगोलिक दूरी ३० मिनेट वा सोभन्दा कम भएका, अभिभावकहरुले विद्यालय सुधारको लागि खासै चासो नदिएका नगरपालिकाको वर्गीकरण अनुसार रेड जोनमा रहेका विद्यालयहरुको समायोजन गरिनेछ ।

४१. निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको मौलिक हक कार्यान्वयनको लागि कक्षा १ देखी कक्षा ५ सम्मका सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई निःशुल्क पोशाक, स्टेशनरी सामग्रीहरु वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ। नेपाल सरकारले अगाडि सारेको दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी र परिणाममुखी तुल्याईनेछ ।

४२. **"सामुदायिक विद्यालयहरुको भौतिक संरचना सुधार अभियान"** सञ्चालन गरी संघ तथा प्रदेश सरकार समेतको साझेदारीमा कच्ची तथा टिनका छानामुक्त संरचना निर्माण गरिनेछ।

४३. सबै सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी पुनरावलोकन गरी विद्यार्थी संख्याको आधारमा न्यायोचित ढङ्गले दरवन्दी पुर्नवितरण गरिनेछ । सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी पुनर्वितरणको सम्बन्धमा नेपाल सरकारको निर्णय र सोही अनुसार यस नगरपालिकाको लागि स्वीकृत विभिन्न तहमा आवश्यक दरवन्दीहरुलाई पूर्ण कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ । आधारभूत तह (६-८) र माध्यमिक तहमा विषय अनुसार दरवन्दी मिलान गरिनेछ । कुनै विषयमा दरवन्दी बढि हुने र कुनै विषयमा दरवन्दी अभाव रहने स्थितिको अन्त्य गरिनेछ ।

४४. **"सिर्जनशिलतालाई प्रोत्साहन, उत्कृष्टतालाई पुरुस्कार र खराबलाई दण्ड"** को अवधारणा अनुसार उत्कृष्ट काम गर्ने शिक्षक कर्मचारीहरुलाई वार्षिक रुपमा सम्मान सहित पुरुस्कृत गर्ने र कार्यसम्पादनस्तर न्यून रहेका गैरजिम्मेवार र पदीय दायित्व र आचरण विपरित कार्य गर्ने शिक्षक कर्मचारिहरुलाई दण्डित गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

४५. सम्पूर्ण संस्थागत विद्यालयहरु निर्धारित मापदण्ड बमोजिम सञ्चालन हुने व्यवस्था मिलाइने छ । मापदण्ड अनुरुप सञ्चालन भए/नभएको सम्बन्धमा नगरपालिकाबाट निरन्तर अनुगमन तथा मूल्याङ्कन गरिनेछ । निजि क्षेत्रद्धारा संचालित सबै शिक्षण संस्थाहरुलाई कानूनको दायरामा ल्याइनेछ। संस्थागत निजि विद्यालयहरुलाई सामुदायिक विद्यालयहरुमा समायोजन तथा एकीकरण हुन संघ तथा प्रदेश सरकार समेतको नीति अनुसार प्रोत्साहित गरिनेछ ।

४६. खेलकुद क्षेत्रको विकासका लागि संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा नगरका निश्चित क्षेत्रमा खेलमैदान र सामुदायिक भवनको व्यवस्था गरिनेछ । खेलकुदको विकासका लागि नगरमा प्रदेशस्तरिय रंगशाला, कबर्डहल, विद्यालय र वडाहरुमा खेलमैदान निर्माणमा जोड दिईनेछ ।

४७. समयानुकूल सबै सुामदायिक विद्यालयहरुमा सूचना प्रविधिमैत्री अध्ययन अध्यापनलाई जोड दिइनेछ । सामुदायिक विद्यालयमा कार्यरत सबै शिक्षकहरुलाई निश्चित कार्यतालिका अनुसार व्यवसायिक क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गरिनेछ ।

४८. नियमित र सूचकमा आधारित विद्यालय अनुगमनमा जोड दिई अनुगमन र मुल्याङ्कनलाई नतिजामूखी र प्रभावकारी बनाईनेछ ।

४९. प्रतिरोधात्मक स्वास्थ्य सेवा, उपचारात्मक स्वास्थ्य सेवा र प्रवर्द्धनात्मक स्वास्थ्य सेवा तथा आयुर्वेदिक उपचार पद्धतिलाई प्रभावकारी बनाईनेछ । स्वास्थ्य संस्थाहरुको स्थापना एवं स्तरोन्नति, पूर्वाधार विकास, जनशक्ति व्यवस्था र सेवाको समतामूलक पहुँच एवं गुणस्तर वृद्धि गर्न स्वास्थ्य क्षेत्रको पुनःसंरचना गरिनेछ । निर्माणाधिन आधारभूत स्वास्थ्य सेवा केन्द्रका भवनहरु यथाशीघ्र सम्पन्न गरी प्रयोगमा ल्याईनेछ ।

५०. स्वास्थ्य सेवा व्यवस्थित गर्न चौरजहारी सामुदायिक अस्पतालसँगको साझेदारीमा चौरजहारी नगर क्षेत्र, कोटजहारी प्राथमिक स्वास्थ्य सेवा केन्द्रको सुदृढिकरण र थप क्षमता अभिवृद्धि गरी कोटजहारी क्षेत्र र खोलागाउँ नगर अस्पताललाई यथाशीघ्र सञ्चालनमा ल्याई खोलागाउँ र नुवाकोट क्षेत्रमा विशेष स्वास्थ्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

५१. सामुदायिक विद्यालयका माध्यमिक तहमा अध्यनरत छात्राहरुको स्वास्थ्य र सरसफाईको लागि स्यानिटरी प्याडको व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ । नयाँ शहर आयोजनासँगको सहकार्यमा नगरभित्रका आवश्यक र उपयुक्त स्थानमा सार्वजनिक शौचालयको निर्माण गरी सञ्चालन गरिनेछ । नगरपालिकालाई पूर्ण सरसफाई उन्मूख नगरपालिका घोषणा गर्न खानेपानी, सरसफाई र स्वच्छता (WASH) योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । सबै विद्यालय, स्वास्थ्य संस्था र सरकारी कार्यालयहरुमा WASH योजना कार्यान्वयनमा ल्याईनेछ ।

५२. नगरपालिकाभित्र भएका एम्वुलेन्स सेवालाई थप प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ । निर्माणाधिन नगर अस्पताल संचालनमा ल्याईनेछ । नागरिकहरुको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्दै गुणस्तरीय औषधी सरल, सुलभ र सहज रुपमा उपलब्ध गराउन औषधी पसलहरुको नियमित रुपमा अनुगमन गरिनेछ । नगरपालिकामा सञ्चालन भईरहेका निजि क्लिनिक, पोलिक्लिनिक, अस्पताल, फार्मेसीहरु मापदण्ड अनुसार सञ्चालन हुने व्यवस्था मिलाईनेछ। मापदण्ड विपरित सञ्चालन हुने निजि स्वास्थ्य संस्थाहरु बन्द गरी संचालकहरुलाई कानून बमोजिम कारवाही गरिनेछ।

५३. सरकारी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुले निजि क्लिनिक, पोलिक्लिनिक वा कम्पनि ऐन अनुसार दर्ता गर्नुपर्ने निजि व्यापार व्यवसाय गर्न वा अरुले स्थापना गरेका त्यस्ता निजि स्वास्थ्य संस्था वा निजि व्यापार व्यवसायमा काम गर्न पूर्ण प्रतिवन्ध लगाईनेछ ।

५४. गरिबहरुको पहिचान गरी सबैको अनिवार्य निःशुल्क स्वास्थ्य विमा गरिनेछ । अशक्त, असहाय र जोखिममा परेका गर्भवति महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ। बर्थिङ्ग सेन्टरहरुलाई थप प्रभावकारी, व्यवस्थित र सुविधा सम्पन्न बनाईनेछ।

५५. पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम गरी नगरपालिकाका सबै वडाहरुलाई पूर्णखोप सेवा उपलब्ध वडा घोषणा गरिनेछ । स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुको संख्या शतप्रतिशत बनाई मातृ स्वास्थ्यमा सुधार र शिशु मृत्युदरमा कमी ल्याउन विशेष अभियान सञ्चालन गरिनेछ।

५६. अपाङ्ग, विपन्न वर्ग तथा दलित समुदायका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवा सुविधाहरु निःशुल्क उपलब्ध हुने व्यवस्था गरिनेछ। अपाङ्ग, दलित, जनजाति, जेष्ठ नागरिक, बालबालिका र विपन्न लक्षित विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ । द्धन्द पिडित, घाईते, अपाङ्ग, महिला तथा बालबालिकालाई विशेष सहायता दिने कार्यलाई निरन्तरता दिईनेछ।

५७. जनयुद्ध, जनआन्दोलन तथा अन्य सर्घषका क्रममा बलिदान गर्ने शहिदहरुप्रति उच्च सम्मान, परिवारहरुलाई विभिन्न सहकारी समुहमा संगठित गरी परिचालनका साथै घाइते अपाङ्गहरुलाई सहयोग गर्ने नीति अख्तियार

गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा शहिदहरुको सम्मानमा शहिद गेट तथा शहिद पार्कको निर्माण गरिनेछ ।

५८. एकल महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, टुहुरा, सीमान्तकृत र लोपोन्मुख समुदायको सामाजिक सुरक्षाको ग्यारेन्टी गर्दै यातायात, स्वास्थ्य र शिक्षा सेवा निःशुल्क प्रदान गर्न सवै सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी पहल गरिनेछ ।

५९. जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, टुहुरा बालबालिका तथा असहायहरुलाई संरक्षण तथा सहयोग गरिनेछ ।

६०. परम्परागत धर्म, संस्कृति, कला, लोक संगित, पुरातात्विक सम्पदाहरुको संरक्षण तथा जगेर्ना गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । धार्मिक, प्राकृतिक, ऐतिहासिक एवं साँस्कृतिक महत्वका धरोहरहरुको मर्मत, संरक्षण र विकासमा जोड दिईनेछ ।

६१. स्थानिय कला साहित्य, संस्कृतिको विकास प्रबर्द्धन, लोक संस्कृति र त्यस क्षेत्रमा संलग्न व्यक्तिहरुको क्षमता विकास र रक्षा गर्न संगठित गर्दै परिचालन गर्न आवश्यक सहयोग गरिनेछ ।

६२. नगरपालिकाभित्र सञ्चालित २ वटा एफ.एम. रेडियो र पत्रिकाहरुलाई व्यवस्थित गरिनेछ । विद्युतिय एवं छापा माध्यमबाट सेवा गर्ने स्थानीय संचार माध्यमलाई प्रोत्साहन गरिनेछ । सञ्चारको पहुँच पुग्न नसकेका वडाहरुमा नेपाल टेलिकम लगायतका संस्थाहरुसँग समन्वय गरी सञ्चार सेवा विस्तार गर्न विशेष पहल गरिनेछ ।

६३. विद्युत लाईन पुग्न बाँकी वडाहरुमा तीव्र गतिले विद्युत लाईन विस्तार गरिनेछ । विद्युत उत्पादनको स्तरवृद्धि गर्ने वा अरु कुनै बैकल्पिक उर्जा विकास गर्ने सक्ने विषयमा स्पष्ट योजना बनाई विद्युतमा लगानी गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

६४. नगरपालिकाभित्र उत्पादन भएका लघु जलविद्युतहरुलाई व्यवस्थित गरिनेछ । तत्काल विद्युत सेवा उपलब्ध गराउन नसकिने वस्तीहरुमा विद्युत बाहेकका अन्य बैकल्पिक उर्जा जडान गर्न पहल गरिनेछ ।

६५. पूर्वाधार विकासको लागि नगरपालिकाको आवधिक योजना, नगर यातायात गुरुयोजना, ढल निकास गुरुयोजना तथा निर्दिष्ट गरेका सडकहरुमा प्राथमिकताका साथ लगानी गर्ने तथा नगरपालिकाको श्रोतले व्यहोर्न नसकिने अवस्थाका ठूला सडकहरुलाई संघ तथा प्रदेश सरकारसँगको साझेदारी र सहयोगमा निर्माण तथा स्तरोन्नति गरिनेछ ।

६६. भवन निर्माण संहिताको पूर्ण कार्यान्वयन गरिनेछ । नगरपालिका क्षेत्रभित्र भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिईनेछ । नक्सापास गरेर मात्र भवन निर्माण गर्न पाईने कानूनी व्यवस्थाको पूर्ण कार्यान्वयन गरी नक्सा पास नगरी निर्माण भई सकेका भवनको अनिवार्य रुपमा अभिलेखीकरण गर्ने व्यवस्था मिलाईनेछ ।

६७. विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागिता तथा अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ । आयोजना कार्यान्वयनमा संलग्न सिकर्मी तथा डकर्मीहरुलाई निश्चित अवधिको क्षमता विकास तालिम समेत उपलब्ध गराईनेछ ।

६८. नगरपालिकाभित्रका महत्वपूर्ण सडकहरु बाह्रै महिना सुचारु हुने व्यवस्था मिलाईनेछ । यसको लागि संघ तथा प्रदेश सरकारसँग विशेष पहल गरिनेछ । मानिसहरुको सहज आवतजावतको लागि पहिचान भएका खोलाहरुमा झोलुङ्गे पूल निर्माण गर्न सर्वे, डिजाइन सहितको विस्तृत परियोजना तयार पारी कार्य आरम्भ समेत गरिनेछ ।

६९. एक अर्का गाउँ/नगरपालिका जोड्ने अधूरा सडकहरु संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा पूरा गरिनेछ ।

७०. वस्ती विकास योजना निर्माण गरी व्यवस्थित र दिगो गाउँ शहर निर्माण गर्न संघ तथा प्रदेश सरकार समक्ष साझेदारी, समन्वय र सहकार्य गरिनेछ । नगरक्षेत्रभित्र रहेका सार्वजनिक, ऐलानी तथा पर्ति जग्गाहरुको संरक्षण, सम्वर्द्धन र समुचित उपयोग गर्न ती जग्गाहरुको लगत कट्टा गरी नगरपालिकाको सम्पत्तिको रुपमा अभिलेखीकरण गरिनेछ ।

७१. हरित शहरको अवधारणा लागू गरिनेछ । सडकको क्षेत्राधिकार सम्बन्धी कानून बामेजिम नगरपालिकाभित्रका सबै सडकहरुको क्षेत्राधिकार (ROW) तोकिनेछ । पहिले नै क्षेत्राधिकार तोकिएको हकमा सडकको क्षेत्राधिकार मिचेर एवम् सेटब्याक नछोडेर बनाईएका भौतिक संरचना हटाईनेछ ।

७२. चौरजहारी नगरपालिकाको क्रमिक रुपमा जनसंख्या बृद्धि तथा बढ्दो शहरीकरणलाई मध्यनजर गरी नगरपालिका क्षेत्रभित्र व्यवस्थित बसोबास गराउने उद्देश्यले जग्गा विकास आयोजना कार्यान्वयन गर्न, घरको निश्चित मापदण्ड निर्धारण गरी आधूनिक सुविधायुक्त व्यवस्थित, सुरक्षित एवं सभ्य शहर निर्माण गर्न

तथा भूउपयोग नीति निर्माण गरी सोही अनुरुप भूमीको उपयोग गर्न नयाँ शहर आयोजना लगायत सरोकारवाला पक्षहरुसँग आवश्यक समन्वय र सहकार्य गरी व्यवस्थित शहरी योजना निर्माण गर्न पहल गरिनेछ।

७३. भौतिक संरचना निर्माण गर्दा वातावरण अनुकूल हुने गरी दिगो विकासको अवधारणालाई कार्यान्वयन गरिनेछ । एउटा संरचना बन्दै गर्दा अर्को प्राकृतिक सम्पदा विनास हुने वा एउटा विकास आयोजनाले अर्को विकास आयोजनाको विनास गर्ने अवस्थाको अन्त्य गरिनेछ । वातावरण अनुकूल दीगो विकासको लागि कानून बमोजिम संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।

७४. नगरपालिकामा रहेका सामुदायिक वनहरुको सुव्यवस्थित संचालन, व्यवस्थापन र नियमन गरिनेछ । सामुदायिक वन उपभोक्ता समितिहरुलाई अभिमुखीकरण गरी क्षमता अभिवृद्धि गरिनेछ। सामुदायिक वन उपभोक्ता समितिहरुलाई करको दायरामा ल्याई कानून बमोजिम वन क्षेत्रको रोयल्टि संकलन हुने व्यवस्था मिलाईनेछ ।

७५. नाङ्गा डाँडाहरुमा वृक्षारोपण, खोला, नदि किनाराहरुमा तटवन्धन गरी प्राकृतिक प्रकोपबाट हुने क्षतिलाई न्यूनिकरण गर्न पूर्व तयारी तथा प्रकोप जोखिम न्यूनिकरण सम्बन्धी प्रतिकार्य योजना अनुसार काम गर्ने नीति अबलम्बन गरिनेछ।

७६. वडा नं. ४, ५ र १० का सामुदायिक तथा राष्ट्रिय वनलाई आरक्षण वनक्षेत्र बनाई वन्यजन्तु संरक्षण गर्न संभाव्यता अध्ययन गरिनेछ ।

७७. **“स्वस्थ, सफा, शान्त, सुन्दर र सुरक्षित शहर, चौरजहारी नगरवासीको रहर”** भन्ने सोचलाई साकार पारिनेछ।

७८. नगरपालिका क्षेत्रभित्रको फोहरमैलालाई सुरक्षित तबरले विसर्जन गर्न नयाँ शहर आयोजनासँगको सहकार्यमा आधुनिक ल्याण्डफिल्ड साइडको निर्माण गरी प्रयोग गरिनेछ । वडास्तरमा समेत फोहरमैला व्यवस्थापनको लागि उपयुक्त स्थानमा डम्पिङ साइडको निर्माणमा जोड दिईनेछ । **“फोहरलाई मोहरमा रुपान्तर”** गर्ने नीति अख्तियार गरिनेछ । जसले **“प्रदूषण गर्छ उसले तिर्नु पर्छ (Polluter Pay Principle)”** को मान्यताको पूर्ण कार्यान्वयन गरिनेछ।

७९. सिर्जनशिलतालाई प्रोत्साहन र उत्कृष्टतालाई पुरुस्कारको मान्यता अनुसार उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी तथा जनप्रतिनिधिहरुलाई पुरुस्कृत गरिनेछ । नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै भ्रष्टाचार विरुद्ध कठोर कदम चालिनेछ । **"म भ्रष्टाचार गर्दिन र भ्रष्टाचार हुन पनि दिन्न"** भन्ने मान्यतालाई व्यवहारमा कार्यान्वयन गरिनेछ ।

८०. नगरपालिकाबाट नै लघु, घरेलु तथा साना उद्योग दर्ता, नवीकरण र नियमन हुने व्यवस्था मिलाईनेछ । संस्था दर्ता, नवीकरण लगायतका समाज कल्यानसँग सम्बन्धित कार्यहरु समेत नगरपालिकाबाट नै सम्पादन हुने व्यवस्था मिलाईनेछ । स्थानीय तहको क्षेत्राधिकाभित्रका सबै अधिकारहरुको प्रयोग गर्न आवश्यक नीतिगत, कानूनी र संस्थागत व्यवस्था गरिनेछ ।

८१. राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एवम् विस्तारिकरणमा जोड दिईनेछ । प्रगतिशिल करको सिद्धान्त अनुसार करको दर र दायरा निर्धारण हुने नीति अबलम्बन गरिनेछ ।

८२. सबै करदाताहरुलाई करको दायरामा ल्याउन करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ । कर संकलनको कार्यलाई सरल, सहज, सुलभ र करदातामैत्री बनाइनेछ । **"कर र मृत्यु शाश्वत सत्य हुन् ।"** भन्ने मान्यता अनुसार करलाई बाध्यकारी बनाईनेछ । **"हामीले तिरेको कर हाम्रै लागि : समग्र नगरको उन्नति र प्रगतिको लागि"** भन्ने भावना सबै करदातामा जागृत गराउने अभियान सञ्चालन गरिनेछ । कर संकलन तथा करदाता शिक्षाको लागि नगर प्रहरी लगायतको संयन्त्रको प्रयोग गरिनेछ ।

८३. आर्थिक कार्य प्रणालीलाई चुस्त र दुरुस्त बनाई वित्तीय सुशासन कायम गर्नको लागि चालू आर्थिक वर्षदेखि लागू गरिएको सूत्र सफ्टवेयर (SUTRA Software) प्रयोगलाई थप प्रभावकारी र व्यवस्थित तुल्याईनेछ ।

८४. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरिय, परिणाममुखी, चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी र अनुमानयोग्य बनाउने नीति लिईनेछ । मुस्कान सहितको सार्वजनिक सेवा प्रवाह नगरपालिकाको मूलभूत उद्देश्य हुनेछ ।

८५. पारदर्शीता, वस्तुनिष्ठता, जवाफदेहीता, इमान्दारिता, कर्तव्यनिष्ठताका साथ आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन मार्फत सबैलाई सुशासनको अनुभूति दिलाउने नीति अवलम्बन गरिनेछ ।

८६. जनप्रतिनिधि, सरकार र प्रशासनले जनताप्रतिको उत्तरदायीत्व, ढिलासुस्तीको अन्त्य, जनताका समस्या समाधानप्रति इमान्दार, अनुशासित, विनयशिल हुने गरी काम गर्ने वातावरण निर्माण गरिनेछ ।

८७. जनप्रतिनिधि तथा स्थानिय सरकार अर्न्तगत काम गर्ने कर्मचारी, स्वयम्सेबक, प्रहरी, शिक्षक सबैलाई कार्य सम्पादन, जनसम्बन्ध, प्रशासन लगायतका विषयमा तालिम दिने, अनुगमन गर्ने, दण्ड र पुरस्कारको व्यवस्था गर्ने र मासिक समिक्षा तथा मुल्याङ्कण गर्न पद्धतिको विकास गरिनेछ ।

८८. सङ्गठन संरचना र दरवन्दी विवरण अनुसार कर्मचारीको व्यवस्था गरिनेछ । चुस्त र दुरुस्त सङ्गठन निर्माण गरिनेछ । सूचना प्रविधिको व्यापक प्रयोग गरी सार्वजनिक सेवा प्रवाह हुने व्यवस्था मिलाईनेछ । डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस वोर्ड, समयानुकूल सफ्टवेयरहरुको प्रयोग, डिजिटल हाजिरी लगायतको विद्युतीय प्रविधिहरुको प्रयोग नगरपालिकाका सबै निकायहरुमा प्रयोग गरिनेछ ।

८९. न्यायिक समितिलाई सुव्यवस्थित, चुस्त दुरुस्त एवम् मेलमिलाप र मध्यस्थताको भरपर्दो माध्यम बनाईनेछ । इजलास तथा मेलमिलापको कार्यलाई व्यवस्थित गरिनेछ ।

९०. संघ, प्रदेश र स्थानीय तहविचमा समन्वय, सहकार्य र सहअस्तित्वको भावना विकास गर्न सकेमा मात्र राष्ट्रिय एकता अभिवृद्धि गर्न बल पुग्ने, विभिन्न वर्ग, क्षेत्र, समुदायविचको भावनात्मक सम्बन्ध प्रगाढ हुने र आर्थिक सामाजिक रुपान्तरणको काम सहज हुनेछ । जनताको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा नेपालको संविधानले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न नगर कार्यपालिका प्रतिवद्ध छ ।

९१. अन्त्यमा, यो नीति तथा कार्यक्रममा महत्वपूर्ण सुझाव, सल्लाह र परामर्श दिएर सहयोग र मार्गदर्शन गर्नुहुने पूर्वमन्त्री एवम् प्रतिनिधिसभा सदस्य माननीय जनार्दन शर्मा, प्रतिनिधि सभा सदस्य माननीय तीर्था गौतम,

राष्ट्रिय सभा सदस्य माननीय ठकेन्द्र प्रकाश पुरी, कर्णाली प्रदेश भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विमला के.सी., कर्णाली प्रदेश सभा सदस्य माननीय गोपाल शर्मा, माननीय देवी ओली, माननीय रातो कामी, रुकुम (पश्चिम) जिल्ला समन्वय समिति प्रमुख आदरणीय राजकुमार शर्मा एवम् नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउने सुअवसर प्रदान गर्ने सबै नगरवासी सम्पूर्ण जनसमुदाय, नगर कार्यपालिका र नगर सभाका सदस्यहरु, राजनीतिक दल एवम् भातृसंगठनका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, संचार जगत लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद